# एक प्राविधिक विद्यालय एक उद्यम कार्यक्रम सञ्चालन कार्यविधि, २०७८

प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
बागमती प्रदेश
हेटौंडा, नेपाल
२०७८

# एक प्राविधिक विद्यालय एक उद्यम कार्यक्रम सञ्चालन कार्यविधि, २०७८

**स्वीकृत मितिः २०७८।१०।.......**

**प्रस्तावना** : सार्वजनिक शिक्षाको सवलीकरण, शैक्षिक रुपान्तरण, नवप्रवर्तन र उद्यमशीलता विकासका लागि विद्यालय शिक्षामा प्राविधिक, व्यवसायिक, सिपमुलक, रोजगारमुलक एवम प्रतिस्प्रर्धि जनशक्ति विकास गर्ने प्रदेश सरकारको कार्यक्रम अन्तर्गत एक प्राविधिक विद्यालय एक उद्यम कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने उद्देश्यले विनियोजन ऐन, २०७८ को दफा १० को उपदफा (२) बमोजिम सामाजिक विकास मन्त्रालयले यो कार्यविधि बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** :(१) यो कार्यविधिको नाम "एक प्राविधिक विद्यालय एक उद्यम कार्यक्रम सञ्चालन कार्यविधि, २०७८" रहेको छ ।

(२)यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. **परिभाषा** :विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "उद्यम कोष" भन्नाले एक प्राविधिक विद्यालय एक उद्यम कार्यक्रम लागु भएका शैक्षिक संस्थामा उद्यम सञ्चालनका लागि दफा ११ बमोजिम स्थापित कोष सम्झनु पर्दछ ।

(ख) "उद्यम कोष सञ्चालक समिति" भन्नाले उद्यम कोष सञ्चालन गर्ने उद्देश्यले गठन भएको दफा १३ बमोजिमको समितिलाई सम्झनु पर्दछ ।

(ग) "एक प्राविधिक विद्यालय एक उद्यम कार्यक्रम" भन्नाले प्राविधिक धारका सामुदायिक माध्यमिक विद्यालयमा उद्यम प्रवर्द्धन मार्फत उद्यमशीलता विकासका लागि प्रदेश सरकारद्वारा सञ्चालित कार्यक्रमलाइ सम्झनु पर्दछ ।

(घ) "पूर्व विद्यार्थी मञ्च" भन्नाले पूर्व विद्यार्थीहरुबाट गठन भएको दफा २१ बमोजिमको मञ्च सम्झनु पर्दछ ।

(ङ) "मन्त्रालय" भन्नाले वागमती प्रदेश सरकारको शिक्षा क्षेत्र हेर्ने मन्त्रालय सम्झनु पर्दछ ।

(च) "शैक्षिक संस्था" भन्नाले सम्बन्धित निकायबाट प्राविधिक धार सञ्चालन गर्न अनुमति पाएका बागमती प्रदेश भित्रका सामुदायिक माध्यामिक विद्यालय सम्झनु पर्दछ।

(छ) "संरक्षक समिति" भन्नाले एक प्राविधिक विद्यालय एक उद्यम कार्यक्रमको संरक्षणका लागि दफा १४ बमोजिम गठन भएको समिति सम्झनु पर्दछ ।

(ज) "विद्यार्थी उद्यमी क्लब" भन्नाले एक प्राविधिक विद्यालय एक उद्यम कार्यक्रम सञ्चालनका लागि दफा १५ बमोजिम गठन गरिएको विद्यार्थी उद्यमी क्लब सम्झनु पर्दछ ।

(झ) "विद्यार्थी कल्याणका कार्यक्रम" भन्नाले विद्यार्थीको शैक्षिक उपलब्धि वृद्धि गर्ने उद्देश्यले सञ्चालित दफा १२ बमोजिमका विद्यार्थी प्रोत्साहनका कार्यक्रमलाई सम्झनु पर्दछ ।

(ञ) "विज्ञ" भन्नाले सम्बन्धित विषयमा ज्ञान, सीप, अनुभव र दक्षता भएको व्यक्ति सम्झनु पर्दछ।

३. **<u>उद्देश्य:</u>** यस कार्यविधिको उद्देश्य देहाय बमोजिम रहेको छः-

(क) शैक्षिक संस्था मार्फत आर्थिक, सामाजिक रुपान्तरण गर्नु,

(ख) शैक्षिक संस्थालाई उद्यम गर्ने सिकाई स्थलको रुपमा विकास गर्नु,

(ग) सार्वजनिक शिक्षामा गुणस्तर, नवप्रवर्तन तथा उद्यमशिलता विकास गरी शैक्षिक रुपान्तरण गर्नु,

(घ) सार्वजनिक शिक्षाको सवलीकरण गर्नु ।

(ङ) सैद्धान्तिक ज्ञान संगसंगै प्रयोगात्मक र सिपमुलक ज्ञानलाइ एकिकृत रुपमा विकास गर्नु ।

४. **<u>उद्यम क्षेत्रः-</u>** शैक्षिक संस्थाले उद्यम गर्न सकिने क्षेत्रहरु देहाय बमोजिम हुनेछनः-

(क) कृषि तथा पशुपञ्छीमा आधारित उद्यम व्यवसाय,

(ख) वन (जडिबुटी वनपैदावार) मा आधारित उद्यम व्यवसाय,

(ग) विज्ञान तथा सूचना प्रविधि र सञ्चारमा आधारित उद्यम व्यवसाय,

(घ) पर्यटन प्रवर्द्धन (होटल, होमस्टे, रिसोर्ट) मा आधारित उद्यम व्यवसाय,

(ङ) निर्माणमा आधारित उद्यम व्यवसाय,

(च) कलामा आधारित उद्यम व्यवसाय,

(छ) संस्कृति, साहित्य सृजना, गीत संगीतमा आधारित भई गरिने उद्यम व्यवसाय,

(ज) विद्यालयले आवश्यकता महसुस गरी छनोट गरिने अन्य उद्यम व्यवसाय।

५. **<u>शैक्षिक संस्थाले पुरा गर्नु पर्ने न्यूनतम शर्तहरुः</u>** दफा ४ मा उल्लिखित उद्यमका क्षेत्रहरू मध्ये सम्बन्धित निकायबाट अनुमति प्राप्त गरी प्राविधिक धार सञ्चालन गरिरहेका विद्यालयले उद्यम सञ्चालन अनुदानको लागि आवेदन दिन देहाय बमोजिमका शर्तहरू पुरा गरेको हुनु पर्नेछः-

(क) विद्यालयले प्राविधिक धारको अनुमति लिई विद्यालय तह सञ्चालनमा रहेको हुनुपर्ने,

(ख) प्राविधिक विषय पढाई भइरहेको क्षेत्रमा नै उद्यमको लागि व्यवसायिक परियोजना प्रस्ताव पेश गर्नुपर्ने ।

(ग) उद्यम सञ्चालनको लागि आवश्यक पर्ने न्यूनतम भौतिक पूर्वाधारहरु (विद्यालयको आफ्नो जग्गा वा विद्यालयले लिजमा लिएको जग्गा, सडक, पानी, विजुली लगायत) हुनुपर्ने,

(घ) विद्यालयको आफ्नै स्वामित्व र व्यवस्थापनमा र सम्भव भए विद्यालय परिसरमा उद्यम व्यवसाय सञ्चालन हुने सुनिश्चतता भएको हुनुपर्ने,

(ङ) उद्यम सञ्चालनका लागि विद्यालय व्यवस्थापन समिति तथा सम्बन्धित स्थानीय तहको प्रतिबद्धता पत्र हुनुपर्ने,

(च) उद्यम सञ्चालनका लागि मन्त्रालयबाट स्वीकृत बजेटको कम्तीमा २० प्रतिशत सम्बन्धित विद्यालयले साझेदारी गर्ने भनी विद्यालय व्यवस्थापन समितिको प्रतिवद्धता हुनुपर्ने,

(छ) विगत तीन वर्षको SEE को नतिजामा प्राविधिक धारमा अध्ययन गर्ने विद्यार्थीहरू मध्ये कम्तिमा ५० प्रतिशत विद्यार्थीले GPA २.४ ल्याएको हुनु पर्ने,

(ज) विद्यार्थी उद्यमी क्लव स्थापना भएको हुनुपर्नेछ ।

६. **<u>सूचना प्रकाशन तथा आवेदन पेश गर्ने:</u>** एक प्राविधिक विद्यालय एक उद्यम कार्यक्रममा सहभागिताका लागि मन्त्रालयले इच्छुक शैक्षिक संस्थाहरुको जानकारीका लागि १५ दिनको सार्वजनिक सूचना मन्त्रालयको वेभसाइटमा र सूचनापाटीमा टाँस गरी सो को जानकारी कुनै एक राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशन गर्नेछ। उक्त सूचनाको जानकारी १३ वटै जिल्लाको शिक्षा विकास तथा समन्वय इकाईहरु र सम्बन्धित स्थानीय तहहरुलाई उपलब्ध गराइनेछ।

(२) उपदफा (१) बमोजिम सूचना प्रकाशित भएपछि प्रदेश भित्र सञ्चालनमा रहेका प्राविधिक धारका सामुदायिक माध्यामिक विद्यालयहरु मध्ये ईच्छुक शैक्षिक संस्थाले सूचनामा उल्लिखित म्यादभित्र आवश्यक कागजात संलग्न राखी अनुसूची १ बमोजिम आवेदन पेश गर्नु पर्नेछ।

(३) उपदफा २ बमोजिम पेश गर्ने आवेदन साथ अनुसूची २ बमोजिमको ढाँचामा व्यवसायिक योजना समेत पेश गर्नु पर्नेछ।

७. **<u>पेश गर्नु पर्ने कागजात:</u>** एक विद्यालय एक उद्यम कार्यक्रम अन्तर्गत उद्यम सञ्चालन गर्न चाहने दफा ५ बमोजिमको शर्त पुरा गरेका प्राविधिक धारका सामुदायिक माध्यामिक विद्यालयले आवेदन साथ देहाय बमोजिमका कागजातहरु पेश गर्नु पर्नेछः-

(क) सम्बन्धित निकायबाट प्राप्त प्राविधिक धार सञ्चालन गर्ने अनुमति पत्रको प्रतिलिपि

(ख) उद्यम सञ्चालनको लागि व्यवसायिक परियोजना प्रस्ताव,

(ग) उद्यम सञ्चालन गर्ने सम्बन्धी विद्यालय व्यवस्थापन समितिको निर्णय,

(घ) उद्यम कोषमा मन्त्रालयले उपलब्ध गराएको रकमको कम्तिमा २० प्रतिशत साझेदारी गर्ने सम्बन्धित विद्यालय व्यवस्थापन समितिको निर्णय,

(ङ) विगत तीन वर्षको SEE को नतिजामा GPA २.४ भन्दा बढी ल्याउने प्राविधिक धारमा अध्ययन गर्ने विद्यार्थीहरूको सख्या र प्रतिशत,

(च) विद्यालयको नाममा जग्गा भए जग्गा धनी पुर्जा र जग्गा भाडामा लिएको भए कम्तिमा ५ वर्ष जग्गा उपलब्ध गराउने गरी भएको करार सम्झौता,

(छ) उद्यम कोषमा स्थानीय तहले साझेदारिता गर्ने भए सोको संस्थागत निर्णय,

**(ज)** विद्यालयको उद्यम सञ्चालनको अनुभव भए सोको प्रतिवेदन तथा सो सम्बन्धी सम्बन्धित स्थानीय तहको सिफारिस पत्र,

**(झ)** विद्यार्थी उद्यमी क्लब गठन गरेको कागजात

**८. <u>शैक्षिक संस्था छनोट सम्बन्धी मापदण्डः</u> दफा** ५ बमोजिमको शर्त पुरा गरी दफा ७ बमोजिमको कागजात सहित आवेदन दिने प्राविधिक धारका सामुदायिक माध्यामिक विद्यालयहरु मध्ये विनियोजित बजेटको सीमा भित्र रही अनुसूची ३ बमोजिमको मापदण्ड बमोजिम उच्चतम प्राप्ताङ्कको आधारमा एक प्राविधिक विद्यालय एक उद्यम कार्यक्रमको लागि छनोट गरिनेछ।

९. **<u>शैक्षिक संस्था छनोट समितिः</u>** मन्त्रालयमा प्राप्त भएका आवेदन र व्यवसायिक योजना मूल्याङ्कन गरी छनोट गर्न तथा शैक्षिक संस्थालाई पुरस्कारका लागि सिफारिस गर्न देहाय बमोजिमको छनोट तथा सिफारिस समिति रहनेछः

(क) प्रमुख, उच्च शिक्षा तथा अनुसन्धान महाशाखा – संयोजक
(ख) अधिकृत योजना तथा शिक्षा विकास शाखा – सदस्य
(ग) अधिकृत प्रतिनिधि, शिक्षा विकास निर्देशनालय - सदस्य
(घ) अधिकृत प्रतिनिधि, प्रदेश CTEVT को कार्यालय – सदस्य
(ङ) प्रतिनिधि, आर्थिक प्रशासन शाखा – सदस्य
(च) उच्च शिक्षा शाखाको शाखा अधिकृत – सदस्य सचिव

(४) शैक्षिक संस्था छनोट समितिले सम्बन्धित घरेलु तथा साना उद्योग कार्यालयको प्रमुख वा प्रतिनिधिलाई आमन्त्रण गर्न सक्नेछ।

(५) समितिको बैठक भत्ता सम्बन्धी व्यवस्था नेपाल सरकारद्वारा स्वीकृत कार्यसञ्चालन निर्देशिका अनुसार हुनेछ।

(६) बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

१०. **<u>शैक्षिक</u>** <u>संस्था छनोट समितिको काम, कर्तव्य र अधिकार</u>ः शैक्षिक संस्था छनोट समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) दफा ६ बमोजिम उद्यम कार्यक्रम कार्यान्वयनका लागि सूचना आह्वान गर्ने।

(ख) दफा ८ बमोजिम शिक्षण संस्था छनोट गरी अनुदान प्रदान गर्नको लागि मन्त्रालय समक्ष सिफारिस गर्ने।

(ग) विद्यालयको छनोट गर्दा अघिल्ला वर्षहरुमा एक प्राविधिक विद्यालय एक उद्यम कार्यक्रमको लागि अनुदान प्राप्त गरेका विद्यालयहरु नदोहोरिने गरी छनोट गर्ने।

(घ) उद्यम सञ्चालनको लागि छनोट भई उद्यम सञ्चालन गरिरहका विद्यालयहरुमध्ये एक उत्कृष्ट शैक्षिक संस्थालाई पुरस्कृत गर्न मूल्याङ्कन गरी मन्त्रालयसमक्ष सिफारिस गर्ने।

(ङ) एक प्राविधिक विद्यालय एक उद्यम कार्यक्रमको मन्त्रालयमा प्राप्त वार्षिक प्रगति प्रतिवेदन र विभिन्न व्यक्ति तथा सस्थाहरुवाट प्राप्त अनुगमन प्रतिवेदनको अध्ययन गरी कार्यक्रमको प्रभावकारिता सम्वन्धि प्रतिवेदन तयार गरी मन्त्रालय समक्ष पेश गर्ने ।

**११. <u>उद्यम कोष सम्बन्धी व्यवस्था</u>:- (१)** एक प्राविधिक विद्यालय एक उद्यम कार्यक्रम सञ्चालन भएका सामुदायिक माध्यमिक विद्यालयमा एक उद्यम कोष रहनेछ। उद्यम कोषको खाता प्रधानाध्यापक र लेखा सम्वन्धी काम गर्ने कर्मचारीको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमको रकम जम्मा हुनेछः-

(क) यस कार्यविधि बमोजिम मन्त्रालयबाट शैक्षिक संस्थालाई प्राप्त हुने रकम,

(ख) शैक्षिक संस्थामा अध्ययनरत विद्यार्थीका अभिभावकहरुबाट उद्यम गर्न बार्षिक रुपमा संकलित रकम,

(ग) उद्यमबाट प्राप्त आम्दानी,

(घ) पूर्व विद्यार्थी मञ्चबाट उद्यम सञ्चालनार्थ स्वेच्छिक रुपमा प्राप्त रकम,

(ङ) सम्बन्धित स्थानीय तहबाट प्राप्त रकम,

(च) अन्य व्यक्ति, नेपाल भित्रका संघसंस्थाबाट अनुदान स्वरुप प्राप्त रकम।

(छ) नेपाल सरकारको स्वीकृतिमा विदेशी राष्ट्र वा संघ संस्थाबाट प्राप्त रकम।

(३) उपदफा (२) बमोजिमको कोषमा शीर्षक अनुसार अलग अलग आम्दानी र खर्च देखाउनु पर्नेछ। कोषको आम्दानी र खर्चको स्रेस्ता खडा गरी विद्यालयको लेखा परिक्षण गर्ने प्रकृया र पद्दति अनुसार नै लेखा परीक्षण गराउनु पर्नेछ।

(४) उपदफा (१) बमोजिम स्थापना भएको उद्यम कोषबाट देहायनुसार खर्च गर्न सकिनेछः

(क) उद्यम सञ्चालन, विस्तार तथा प्रवर्द्धनको क्षेत्रमा,

(ख)कोउद्यम कोषको आम्दानी ३० प्रतिशतमा नबढने गरी विद्यार्थी कल्याणका कार्यक्रममा।

(५) विद्यालयले उद्यम कोषमा मन्त्रालयबाट प्राप्त हुने मूल पूँजी लगानी गरी प्रथम वर्ष कुल पूँजीको १० प्रतिशत ,दोस्रो वर्ष २० प्रतिशत, तेस्रो वर्ष २० प्रतिशत, चौथो वर्ष २५ प्रतिशत र पाँचौ वर्ष २५ प्रतिशतको हिसावले हुन आउने रकम आगामी पाँच वर्षभित्र उद्यम कोषमा जम्मा गरिसक्नु पर्नेछ। उक्त रकम उद्यम सञ्चालन, विस्तार तथा प्रवर्द्धनको क्षेत्रमा मात्र खर्च गर्नु पर्नेछ।

१२. **<u>विद्यार्थी कल्याण कार्यक्रमः</u>** (१) दफा ११ को उपदफा (४) को खण्ड ख बमोजिमको रकम खर्च गर्दा आर्थिक तथा सामाजिक रुपमा पछाडि परेका दलित, जनजाती, अपाङ्ग, अनाथ, विपन्न, जेहेन्दार तथा उद्यम कोष सञ्चालक समितिले आवश्यक ठानेका बालबालिकाहरुलाई छात्रवृत्ति, स्टेसनरी, शैक्षिक सामग्री, दिवाखाजा लगायतका शैक्षिक सहायताका कार्यक्रमहरुमा खर्च गर्नु पर्नेछ।

(२) उपदफा १ बमोजिमका क्षेत्रमा खर्च गर्दा दफा ११ को उपदफा २ को खण्ड ग बमोजिमको रकमबाट मात्र खर्च गर्नु पर्नेछ।

१३. **<u>उद्यम कोषको सञ्चालन</u>**ः (१) दफा ११ बमोजिमको उद्यम कोषको सञ्चालनका लागि देहाय बमोजिमको उद्यम कोष सञ्चालक समिति रहनेछः

(क) विद्यालय व्यवस्थापन समितिका अध्यक्ष -अध्यक्ष

(ख) विद्यालयका प्रधानाध्यापक - सदस्य

(ग) विद्यार्थी उद्यमी क्लबका अध्यक्ष -सदस्य

(घ) उद्यम कार्यक्रमको लागि फोकल पर्सन तोकिएको शिक्षक -सदस्य-सचिव

(२) उद्यम कोष सञ्चालक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) उद्यम कोष सञ्चालन, रकम परिचालन र लेखाङ्कन गर्ने,

(ख) उद्यम कोषको आम्दानीबाट विद्यार्थी कल्याणका कार्यक्रम गर्न रकम निकासा गर्ने,

(ग) उद्यम कोषको विस्तार, संरक्षण, सम्वर्द्धन गर्ने,

(घ) उद्यम कोषमा जम्मा भएको रकमको उच्चतम सदुपयोग गर्ने,

(ङ) अन्य आवश्यक कामहरु गर्ने, गराउने ।

१४. **संरक्षक समितिको गठन:** (१) एक प्राविधिक विद्यालय एक उद्यम कार्यक्रमको संरक्षकका रुपमा देहायनुसार एक संरक्षक समिति रहनेछः-

(क) सम्बन्धित स्थानीय तहका प्रमुख -संयोजक

(ख) विद्यालय रहेको वडाको वडाध्यक्ष -सदस्य

(ग) विद्यालय व्यवस्थापन समितिका अध्यक्ष - सदस्य

(घ) शिक्षक अभिभावक संघको अध्यक्ष - सदस्य

(ङ) विद्यालयको प्रध्यानाध्यापक -सदस्य-सचिव

(२) संरक्षक समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछः-

(ख) अभिभावकहरुलाई कार्यक्रमको विषयमा अभिमुखीकरण गरी उद्यम कोषमा रकम जुटाउने,

(ग) एक प्राविधिक विद्यालय एक उद्यम कार्यक्रमलाई आवश्यक पर्ने सहयोग जुटाउने,

(घ) उद्यम सञ्चालनको लागि विद्यार्थी उद्यमी क्लबलाई सबै प्रकारको सहजीकरण, क्षमता विकासका कार्यक्रम सञ्चालन गर्ने गराउने,

(ङ) एक प्राविधिक विद्यालय एक उद्यम कार्यक्रमको समग्र अनुगमन, मूल्याङ्कन गर्ने तथा उद्यम प्रोफाइल तयार गर्ने गर्न लगाउने र एक प्रति मन्त्रालयमा पठाउने ।

१५. **बिद्यार्थी उद्यमी क्लब:** एक प्राविधिक विद्यालय एक उद्यम कार्यक्रम लागु गरिएका विद्यालयमा कक्षा ९, १०, ११ र १२ मा अध्ययनरत प्रथम स्थानमा रहेका विद्यार्थी तथा विद्यालयले तोकेका सम्बन्धित प्राविधिक विषयमा अध्ययनरत कम्तिमा ३ जना छात्रा सहितका अन्य ७ जना विद्यार्थी सम्मिलित ११ सदस्यीय विद्यार्थी उद्यमी क्लब रहनेछ। क्लबका सदस्यहरुले आफूहरुबाट छानेको व्यक्ति क्लबको अध्यक्ष हुनेछ।

१६. **बिद्यार्थी उद्यमी क्लबको काम, कर्तव्य र अधिकार:** बिद्यार्थी उद्यमी क्लबको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) एक प्राविधिक विद्यालय एक उद्यम कार्यक्रमको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्ने,

(ख) एक प्राविधिक विद्यालय एक उद्यम कार्यक्रम सञ्चालनको लागि सरोकारवालाहरुसँग सहकार्य, समन्वय र साझेदारी गर्ने,

(ग) एक प्राविधिक विद्यालय एक उद्यम कार्यक्रमको लागि उपयुक्त उद्यम छनोट गर्ने,

(घ) एक प्राविधिक विद्यालय एक उद्यम कार्यक्रमको कार्ययोजना बनाई लागु गर्ने,

(ङ) एक प्राविधिक विद्यालय एक उद्यम कार्यक्रमको प्रोफाइल तयार गरी विद्यालयको प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समिति समक्ष पेश गर्ने,

(च) अभिभावकहरुलाई सम्बन्धित उद्यमको विषयमा अभिमुखीकरण गर्ने। साथै समय समयमा अभिभावकहरुसँग बैठक बसी उद्यम कार्यक्रमको प्रगतिबारे जानकारी गराउने।

(छ) प्रत्येक महिनाको ७ गते भित्र र आर्थिक वर्ष व्यतित भएको अर्को महिना भित्र अघिल्लो महिना र महिना सम्मको उद्यमको प्रगति विवरण विद्यालयको प्रधानाध्यापक तथा व्यवस्थापन/सञ्चालन समिति समक्ष पेश गर्ने,

(ज) उद्यम कोषबाट थप उद्यम विस्तार, उद्यमशीलता विकास तथा विद्यार्थी कल्याणका कार्यक्रम सञ्चालन गर्ने।

(झ) उद्यम कोषको वार्षिक प्रगति प्रतिवेदन विद्यालय मार्फत मन्त्रालयमा पेश गर्ने ।

१७. **उद्यम सम्झौताः** (१) मन्त्रालयले तोकेको अधिकृत र दफा ८ बमोजिमको मापदण्ड पुरा गरी छनोट समितिको सिफारिसको आधारमा मन्त्रालयबाट उद्यम सञ्चालनको लागि अनुदान प्राप्त गर्ने गरी छनोट भएका शैक्षिक संस्थाको प्रमुख बीच अनुसूची- ४ बमोजिमको ढाँचामा द्विपक्षीय सम्झौता हुनेछ।

(२) सम्झौताको तीन प्रति तयार गरी एक प्रति सम्वन्धित शैक्षिक संस्थामा, एक प्रति सम्बन्धित पालिकामा र एक प्रति मन्त्रालयमा रहनेछ।

१८. **छनोट भएका विद्यालयले पेश गर्नुपर्ने कागजातः** उद्यम सञ्चालनको लागि छनोट भएका विद्यालयले मन्त्रालयसँग सम्झौता गर्नुपूर्व दफा ७ बमोजिम पेश गर्नु पर्ने कागजातको अतिरिक्त देहाय बमोजिमको कागजात पेश गर्नु पर्नेछः

(क) उद्यम सञ्चालनको कार्यान्वयन कार्ययोजना,

(ख) उद्यम कार्यक्रम हेर्ने फोकल पर्सन तोकिएको शिक्षकको विवरण,

(ग) उद्यम कोषको खाता खोलेको विवरण,

(घ) उद्यम कोष सञ्चालक समिति, संरक्षक समिति र पूर्व विद्यार्थी मञ्च गठन गरेको माइन्युटको प्रमाणित प्रतिलिपि,

(ङ) अनुसूची-५ बमोजिमको प्रतिबद्धता पत्र।

१९. **रकम उपलब्ध गराउनेः** (१) दफा ८ बमोजिम छनोट भई दफा १७ बमोजिम सम्झौता गरिएका शैक्षिक संस्थालाई प्रति विद्यालय बढीमा रु. ६ लाख सम्म अनुदान प्रदान गर्न सकिनेछ।

(२) स्वीकृत अनुदान बजेटको बढीमा ५० प्रतिशत पहिलो किस्तामा र बाँकी रकम अन्तिम किस्तामा निकासा गरिनेछ।

(३) अन्तिम किस्ताको रकम बैशाख मसान्तभित्र माग गरी सक्नुपर्नेछ। अन्तिम किस्ता माग गर्दा उद्यम कार्यक्रमको प्रगति प्रतिवेदन, खर्चको विल भरपाईको प्रतिलिपि र सम्झौतामा तोकिएको शर्त बमोजिम कार्य सम्पन्न भएको व्यहोरा सहितको विद्यालय व्यवस्थापन समितिको निर्णयको प्रतिलिपि र स्थानिय तहको शिफारिस लगायत अन्य आवश्यक कागजातहरु पेश गर्नुपर्नेछ।

(४) स्वीकृत भएको उद्यम परियोजना सम्झौतामा उल्लिखित शर्तको अधिनमा रही कार्यक्रम सञ्चालन गर्नुपर्नेछ। योजनाको प्रस्तावित कार्ययोजना बमोजिम कार्य नगरेमा दोस्रो किस्ता वापतको रकम निकासा हुनेछैन। साथै मन्त्रालयबाट निकास भएको प्रथम किस्ता वापतको रकम समेत प्रचलित व्याजदर सहित फिर्ता गर्नुपर्नेछ।

२०. **प्रतिवद्धतापत्र पेश गर्नु पर्ने:** शैक्षिक संस्थासँग सम्झौता भईसकेपछि सम्झौता अनुसार कार्य सम्पन्न गर्ने विषयमा सम्बन्धित शैक्षिक संस्थाले अनुसूची-५ बमोजिमको प्रतिबद्धता पत्र पेश गर्नु पर्नेछ।

२१. **पूर्व विद्यार्थी मञ्चः** विद्यालयले सम्बन्धित विद्यालयबाट अध्ययन सम्पन्न गरी हाल विभिन्न क्षेत्रमा संलग्न पूर्व विद्यार्थीहरु सम्मिलित एक मञ्च गठन गर्न सक्नेछ। यस मञ्चले विद्यालयमा सञ्चालित उद्यम कार्यक्रमको संरक्षण, प्रवर्द्धनको लागि सल्लाह, सुझाव प्रदान लगायत समग्र विद्यालयको विकासमा योगदान पुऱ्याउन सक्नेछ।

२२. **प्रतिवेदन:** शैक्षिक संस्थाले मन्त्रालयसँग एक प्राविधिक विद्यालय एक उद्यम कार्यक्रम सञ्चालन गर्न सम्झौता भएको एक महिनाभित्र प्रारम्भिक प्रतिवेदन सम्बन्धित स्थानीय तह तथा मन्त्रालयमा पेश गर्नु पर्नेछ। त्यस पछि मन्त्रालयले तोकेबमोजिमको ढाँचामा वार्षिक रुपमा वित्तीय र भौतिक प्रगति सम्बन्धित स्थानीय तह तथा मन्त्रालयमा पठाउनु पर्नेछ।

२३. **लेखा परीक्षण:** (१) एक प्राविधिक विद्यालय एक उद्यम कार्यक्रमको लेखा प्रणाली नेपाल सरकारले तोकेको ढाँचामा राख्नु पर्नेछ ।

(२) उद्यमको आर्थिक कारोवारको लेखा परीक्षण शैक्षिक संस्था/विद्यालयको अन्य खर्चको लेखापरीक्षण प्रणाली अनुसार नै गराउनु पर्नेछ। यसरी लेखा परीक्षण गराउँदा कार्यक्रम तर्फको नतिजा शृङ्खला (प्रतिफल, उपलब्धी, प्रभाव) का सूचकहरुका आधारमा प्रगति (गुणात्मक, परिमाणात्मक) विश्लेषण अनिवार्य रुपमा गर्नु पर्नेछ ।

(३) लेखा परीक्षकको प्रतिवेदनलाई सार्वजनिक गर्ने दायित्व सम्वन्धित शैक्षिक संस्थाको हुनेछ।

(४) शैक्षिक संस्थाले लेखा परीक्षणको प्रतिवेदन सम्बन्धित स्थानीय तहको कार्यालय तथा मन्त्रालयमा पठाउनु पर्नेछ।

२४. **अनुगमन तथा मूल्याङ्कनः** (१) विद्यालयले एक प्राविधिक विद्यालय एक उद्यम कार्यक्रमको सम्बन्धमा समन्वय, नियमित अनुगमन, सुपरीवेक्षण तथा पृष्ठपोषणको लागि तपशिल बमोजिमको एक अनुगमन टोली गठन गर्नुपर्नेछः

(क) सम्बन्धित वडाको अध्यक्ष – अध्यक्ष

(ख) सम्बन्धित पालिकाको शिक्षा हेर्ने प्रमुख – सदस्य

(ग) पालिकाले तोकेको सम्बन्धित विषय क्षेत्रको विज्ञ एक जना - सदस्य

(घ) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष – सदस्य

(घ) शिक्षक अभिभावक संघको अध्यक्ष – सदस्य

(२)अनुगमन टोलीले उद्यमको अनुगमन गरी पेश गरेको प्रतिवेदन सम्बन्धित शिक्षण संस्थाले मन्त्रालयमा उपलब्ध गराउनु पर्नेछ।

(३)मन्त्रालयबाट समेत अनुगमन, निरीक्षण गरी पृष्ठपोषण एवं सुझाव दिन सकिनेछ। मन्त्रालयबाट अनुगमन हुन नसकेको अवस्थामा उपदफा (१) बमोजिम गठित अनुगमन टोलीले कार्यक्रमको अनुगमन गरी कार्यविधिले तोकेको मापदण्डहरुका आधारमा बाँकी दोस्रो/अन्तिम किस्ता बापतको रकम निकासा गर्न सकिने भनी किटानी राय पेश भएपछि मात्र कार्य प्रगतिको आधारमा दोस्रो/अन्तिम किस्ताको रकम निकासा गर्न सकिनेछ।

(४) केन्द्रीय निकाय तथा अन्य सरोकारवाला निकायले अनुगमन, निरीक्षण गरी पृष्ठपोषण एवं सुझाव दिन सक्नेछ ।

२५. **पुरस्कार** :(१) मन्त्रालयले आगामी दिनमा एक प्राविधिक विद्यालय एक उद्यम कार्यक्रमलाई प्रभावकारी र नतिजामुखी बनाउन निम्न सूचकका आधारमा उच्चतम अङ्क हासिल गर्ने शैक्षिक संस्थालाई रु.५० हजार नगद पुरस्कार तथा प्रमाणपत्र प्रदान गर्न सक्नेछः-

(क) अधिकतम रोजगार सिर्जना गर्ने,

(ख) स्थानीय स्रोत र साधनको अधिकतम प्रयोग गर्ने,

(ग) निर्यातमा वृद्धि र आयातमा प्रतिस्थापन योगदान पुर्याएको,

(घ) उत्पादन गरिएका सामग्रीहरुको गुणस्तर कायम भएको,

(ङ) उद्यममार्फत शैक्षिक रुपान्तरण, नवप्रवर्तन तथा उद्यमशिलता विकास गरेको,

(च) अभिभावक, स्थानीय समुदाय तथा क्षेत्रमा सकारात्मक प्रभाव पारेको,

(छ) शैक्षिक संस्थाको आयमा भएको वृद्धिको अवस्था,

(ज) कार्ययोजना अनुसार कार्य सम्पादन गरेको आदि।

२६. **कारवाही:** (१) प्राविधिक विद्यालय एक उद्यम कार्यक्रममा छनोट भएको शैक्षिक संस्थाले प्रस्ताव गरिए बमोजिमको सम्झौता गर्न नआएमा त्यस्ता शैक्षिक संस्थालाई मन्त्रालयवाट सञ्चालन गरिने कार्यक्रमहरुमा सहभागी गराईने छैन ।

(२) शैक्षिक संस्थासँग सम्झौता भईसकेपछि सम्झौता अनुसार कार्य सम्पन्न नगरेमा तथा मन्त्रालयबाट दिइएको वजेट हिनामिना गरेमा शैक्षिक संस्थाले मन्त्रालयमा पेश गरेको प्रतिबद्धता पत्रका आधारमा उक्त शैक्षिक संस्थावाट क्षतिपूर्ति समेत भराई प्रचलित कानून बमोजिम आवश्यक कारवाही गरिनेछ।

२७. **कर्तव्य हुने:** यस कार्यविधि बमोजिम एक शैक्षिक संस्था एक उद्यम कार्यक्रममा आवश्यक सहयोग गर्नु सम्बन्धित शैक्षिक संस्थाको कर्तव्य हुनेछ ।

**२८. निर्देशनको पालनाः** अनुदान प्राप्त गरेको शैक्षिक संस्थाले संघ, प्रदेश तथा स्थानीय सरकारले दिएको निर्देशनको पालना गर्नु पर्नेछ।

**२९. खारेजी र बचाउः** एक शैक्षिक संस्था (प्राविधिक विद्यालय) एक उद्यम सञ्चालन कार्यविधि, २०७७ खारेज गरिएको छ। उक्त कार्यविधि अन्तर्गत सञ्चालन भएका सबै कार्यक्रमहरु यसै कार्यविधि अन्तरगत सञ्चालन हुनेछन र सो बमोजिम भए गरेका काम कारबाही यसै निर्देशिका बमोजिम भए गरेको मानिनेछ।

अनुसूची -१

(दफा ६(२) सँग सम्बन्धित)

**आवेदनको ढाँचा**

मितिः

श्रीमान् सचिवज्यू
सामाजिक विकास मन्त्रालय
बागमती प्रदेश, हेटौंडा, मकवानपुर ।

बिषयः **एक प्राविधिक विद्यालय एक उद्यम** कार्यक्रमका लागि आवेदन पेश गरिएको सम्बन्धमा।

महोदय,

तहाँको मिति २०७.../ ... /..... को सार्वजनिक सूचना अनुसार **एक प्राविधिक विद्यालय एक उद्यम कार्यक्रम** सञ्चालनका लागि व्यावसायिक योजना र आवश्यक कागजात सहित यो आवेदन पेश गरेको छु ।

प्रधानाध्यापक

विद्यालय

अनुसूची -२

(दफा ६(३) सँग सम्बन्धित)

## विद्यालयले गर्ने उद्यमको व्यवसायिक योजनाको ढाँचा

**विद्यालयको संक्षिप्त परिचय**

१. विद्यालयको नाम:

२. जिल्लाः

३. पालिकाः

४. कुल विद्यार्थी सङ्ख्याः

५. प्राविधिक विषयतर्फ सञ्चालित कार्यक्रमः

६. प्राविधिक तर्फका विद्यार्थी सङ्ख्या:

७. कार्यरत जनशक्तिको विवरण:

८. विद्यालयको जग्गाको विवरण:

**व्यवसायिक योजनाको ढाँचा**

१. उद्यमको क्षेत्र/कार्यक्रमको नामः

२. कार्यक्रमको दिर्घकालिन उद्देश्यः

३. अवधिः

४. प्रस्तावित कार्यक्रमको संक्षिप्त विवरणः

५. उद्धेश्य प्राप्तिका लागि संचालन गरिने क्रियाकलापहरुको विवरणः

६. स्रोत र साधन:

(क) विद्यालय/स्थानीय तहको साझेदारी

(ख) अन्य निकायको साझेदारी

७. अपेक्षित उपलब्धि

८. जोखिमहरु:

९. कार्यक्रम कार्यान्वयन कार्ययोजना:

निवेदन साथ पेश हुनुपर्ने कागजातहरु

1. विद्यालयको निवेदन
2. विद्यालय व्यवस्थापन समितिको निर्णय प्रतिलिपि
3. स्थानिय तहको शिफारिस
4. उद्यम परियोजनाको प्रस्ताव
5. उद्यम सचालनको लागि विद्यालयको तर्फवाट हुने साझेदारीको हिस्सा
6. विगत ३ वर्षमा प्राविधिक धार तर्फका (एसइइपरिक्षा) विद्यार्थीको शैक्षिक उपलब्धि

7. विद्यालयको नाममा जग्गाको क्षेत्रफल (प्रमाणपुर्जा वा प्रमाणपुर्जा नभएमा भोग चलन गरेको पालिकाको शिफारिस) र उद्यमको लागि जग्गा लिज लिएको भए सम्झौता पत्र र जग्गाधनिको लालपुर्जा र नागरीकताको प्रमाणपत्र ।
8. विद्यालयको उद्यम सम्वन्धि कुनै अनुभव भए प्रमाणित गर्ने कागजात
9. स्थानिय तहको साझेदारी भएमा साझेदारीको हिस्सा र प्रमाणित गर्ने कागजात

## अनुसूची -३
## दफा ८ सँग सम्बन्धित
## शैक्षिक संस्था छनोटको मापदण्डहरु

| क्र.स. | मूल्याङ्कनका आधारहरु | अङ्क |
|---|---|---|
| १ | उद्यम परियोजना प्रस्तावको मुल्याङ्कन<br>(उद्यम सञ्चालन तथा प्रवर्द्धनको लागि आगामी ५ वर्षे रणनीति)<br>सन्तोषजनक - ३० अङ्क सम्म<br>राम्रो - ३० देखि ४० अङ्क सम्म<br>उत्तम - ४० देखि ५० अङ्क सम्म | ५० |
| २ | सम्बन्धित विद्यालयबाट साझेदारीको हिस्सा - २० प्रतिशत भए ५ अंक, २० प्रतिशत देखि ५० प्रतिशत सम्म भए १० अंक र ५० प्रतिशत देखि माथि भए १५ अंक | १५ |
| ३ | विद्यालयको विगत तीन वर्षको प्राविधिक धार तर्फको एसइइ परिक्षाको शैक्षिक उपलब्धिः<br>प्राविधिक धारमा अध्ययन गर्ने विद्यार्थीहरू मध्ये कम्तिमा ५० प्रतिशत विद्यार्थीको GPA २.४ देखि २.८ सम्म प्राप्त गरेका भए ५ अङ्क. २.८ देखि ३.२ सम्म प्राप्त गरेका भए १० अङ्क र ३.२ भन्दा माथि भए १५ अङ्क) | १५ |
| ४ | विद्यालयको नाममा जग्गा भएमा | ५ |
| ५ | विद्यालय परिसरमा उद्यम सञ्चालन हुने भएमा | ५ |
| ६ | विद्यालयसँग उद्यम सञ्चालनको अनुभव भएमा | ५ |
| ७ | उद्यम सञ्चालनको लागि मन्त्रालयले उपलब्ध गराएको रकमको १० प्रतिशत भन्दा बढी स्थानीय तहको लागत साझेदारी भएमा | ५ |
| | जम्मा | १०० |

**अनुसुची -४**

( दफा १७ सँग सम्बन्धित)

सम्झौतापत्रको ढाँचा

**सामाजिक विकास मन्त्रालय र कार्यक्रम सञ्चालन गर्ने विद्यालयबीच भएको सम्झौतापत्र**

आज मिति ............................का दिन.................... सामाजिक विकास मन्त्रालय, वागमती प्रदेश, हेटौंडा (यसपछि प्रथम पक्ष भनिएको) र श्री माध्यमिक विद्यालय (यसपछि दोस्रो पक्ष भनिएको) बीच देहायमा उल्लेखित शर्तहरुको अधिनमा रही एक प्राविधिक विद्यालय एक उद्यम कार्यक्रम सञ्चालन गर्नका लागि सहमति कायम गरी देहायबमोजिमको सम्झौता गरिएको छ ।

सम्झौताका शर्तहरुः

१. कार्यक्रम सञ्चालनको क्रममा दोस्रो पक्षले "एक विद्यालय एक उद्यम कार्यक्रम सञ्चालन कार्यविधि, २०७८" मा भएका व्यवस्थाहरुको पूर्ण पालना गर्नु गराउनु पर्नेछ ।

२. प्रथम पक्षद्वारा प्रदान गरिएको अनुदान रकम प्रस्तावनामा उल्लेख गरिएको कार्यक्रममा खर्च गर्नु दोस्रो पक्षको कर्तव्य हुनेछ।

३. कार्यक्रम सञ्चालनको क्रममा प्रथम पक्षले दोस्रो पक्षको अनुगमन गर्न सक्नेछ ।

४. अनुदान रकमको दुरुपयोग हुन नदिनको लागि दोस्रो पक्षले आवश्यक व्यवस्था मिलाउने र प्रथम पक्षले त्यसमा आवश्यक सहयोग गर्नेछ ।

५. मन्त्रालयबाट स्वीकृत अनुदान बजेटको कम्तीमा २० प्रतिशत विद्यालयले आफ्नो स्रोतबाट साझेदारी गर्नुपर्नेछ।

६. उद्यम सञ्चालनमा विद्यार्थीहरुको प्रत्यक्ष संलग्नता रहनु पर्दछ।

७. विद्यालयको आफ्नै व्यवस्थापन र स्वामित्वमा विद्यालय परिसर वा विद्यालय निकटमा उद्यम सञ्चालन भएको हुनुपर्नेछ ।

८. दोस्रो पक्षले विद्यालयमा स्थापना गरेको उद्यम कोषको खाता वाणिज्य बैङ्कमा खोलेको हुनु पर्नेछ र अनुदान रकम सोही कोषमा जम्मा गर्नु पर्नेछ।

९. दोस्रो पक्षले उद्यम कार्यक्रमलाई प्रभावकारी कार्यान्वयन गर्न विद्यार्थी उद्यमी क्लब र विद्यार्थी उद्यमी क्लब गठन गर्नुपर्नेछ।

१०. कार्यक्रम सञ्चालन गर्ने सन्दर्भमा कुनै समस्या देखा परेमा दुवै पक्षबीच सहमति कायम गरी यस सम्झौता पत्रमा आवश्यक परिमार्जन गर्न सकिनेछ । दोस्रो पक्षले चौमासिक रुपमा प्रगति प्रतिवेदन पेश गर्नुपर्नेछ ।

११.प्रथम पक्षले दोस्रो पक्षलाई जम्मा रु. ...............(अक्षरुपी ........... मात्र) विद्यालय उद्यम कोषको लागि उपलब्ध गराउनेछ।उपलब्ध गराएको रकममा मूल पूँजीमा नघटने गरी दोस्रो पक्षले उद्यम सञ्चालन, विस्तार तथा प्रवर्धनमा उच्चतम उपयोग हुने गरी खर्च गर्नुपर्नेछ।उक्त रकम दोस्रो पक्षले आगामी पाँच वर्ष भित्र कोषमा जम्मा गर्नु पर्नेछ ।

१२.यस सम्झौतापत्रमा उल्लेख नभएका विषयमा **"एक विद्यालय एक उद्यम कार्यक्रम सञ्चालन कार्यविधि, २०७८"** बमोजिम र कार्यविधिले नसमेटेको विषयमा प्रचलित कानुन बमोजिम हुनेछ ।

| प्रथम पक्षबाट | दोस्रो पक्षबाट |
| --- | --- |
| नामः | नामः |
| पदः | पदः |
| दस्तखतः | दस्तखतः |
| छापः | छापः |

रोहवर

नाम :

पद :

दस्तखत :

मिति :

## अनुसुची -५

(दफा २० सँग सम्बन्धित)

**प्रतिबद्धता पत्र**

सामाजिक विकास मन्त्रालयबाट "**एक प्राविधिक विद्यालय एक उद्यम कार्यक्रम सञ्चालन कार्यविधि, २०७८**" बमोजिम अनुदानका लागि इच्छुक भई आवेदन पेश गरिएको छ । उक्त कार्यक्रमका लागि छनोट भएमा पेश गरिएको व्यावसायिक योजनामा उल्लेख भए बमोजिम कार्य गर्नेछौं। प्रस्तावित कार्ययोजना बमोजिम कार्य नगरेमा सामाजिक विकास मन्त्रालय, बागमती प्रदेशबाट प्राप्त अनुदान रकम प्रचलित व्याजसहित फिर्ता गर्ने प्रतिबद्धता व्यक्त गर्दछौं । यसमा लेखिए बमोजिम नभएमा कानुन बमोजिम सहुँला/बुझाउँला ।

अनुदानग्राहीको तर्फबाट

नामः

पदः

विद्यालयको नामः

ठेगानाः

सम्पर्क नः

दस्तखतः

मितिः

विद्यालयको छापः